# छातीको एक्स-रे जाँच

## यसबाट के देखिन्छ?

यसबाट क्षयरोग शुरु भएको छ वा छैन भन्ने बुझ्न सकिन्छ।

## एक्जामिनेशन फ्लो चार्ट

① एक्स-रे कक्षको लुगा फेर्ने ठाउँमा गएर, शरीरको माथिल्लो भागमा टि-शर्ट मात्र राखेर लुगा फेर्नुहोस्।

② तपाईं जाँच कक्षमा प्रवेश गर्दा, प्राविधिकले तपाईंलाई छातीको एक्स-रे गर्ने मशिनको अगाडि उभ्याउँछन्।

③ तयार भएपछि चिकित्सक कोठामा आउँछन्।

④ माइक्रोफोनमा चिकित्सकले तपाईंलाई ठूलो सास लिनु र रोक्नु भन्छन्, जुन यस्तो सुनिन्छ "उकिकु इकी वो सुते तोमेते कुदासाइ"।

⑤ यदि माइक्रोफोनमा "राकु नी शिते कुदासाइ" भनेको सुन्नुभयो भने कृपया सास बाहिर छोडेर आराम गर्नुहोस्।




⑥ एक्स-रे गरि सकेपछि चिकित्सकले नतिजाबारे बुझाउँछन्।

⑦ तपाईंलाई भनिएको नतिजा निम्न अनुसारको हुन सक्छ।

केही खराबी छैन — उपचारको आवश्यकता पर्दैन
श्याडो (अध्यारो भाग) देखिएको छैन, तर रगत जाँचबाट सङ्क्रमणको लक्षण देखिएको छ, तपाईंलाई रोकथाम-मूलक औषधिद्वारा उपचारका लागि कुनै चिकित्सा संस्थानमा पठाइन्छ।

श्याडो (अध्यारो भाग) देखिएको छ — उपचार आवश्यक छ। तपाईंलाई चिकित्सा संस्थानमा पठाइन्छ।
अझ विस्तारमा जाँचको आवश्यकता छ। तपाईंलाई चिकित्सा संस्थानमा पठाइन्छ।

⑧ नतिजाका आधारमा, तपाईंको भविष्यको स्वास्थ्य जाँच मितिहरूबारे जानकारी गराइन्छ।